स.क.प.द.नं.: २०९९२

"आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारप्रति हाम्रो प्रतिबद्धता,
सम्पूर्ण मानवअधिकारको संरक्षणमा अभियानको क्रियाशीलता"

जि.प्र.का.द.नं.: ५७०

# मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल

## Campaign for Human Rights and Social Transformation, Nepal

(Organization in Special Consultative status with the ECOSOC since 2020)

मिति : २०७९ माघ २

## प्रेस विज्ञप्ति

२०७९ माघ १ गते काठमाडौंबाट ६८ जना यात्रु लिएर पोखराका लागि उडेको यती एयरलाइन्सको एएनसी एटीआर ७२ जहाज दुर्घटनामा परेको र मृत्यु भएको खबरले मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान(काहुरास्ट) नेपाल स्तब्ध भएको छ ।

सबैभन्दा सुरक्षित मानिने हवाईयात्रा नेपालमा हुने गरेका पटकपटकका दुर्घटनाहरुले नेपाली आकाश असुरक्षित हुँदै गएको कुरा थप पुष्टि गरेको छ । यस्ता घटनाहरुले नेपालको हवाई सुरक्षाप्रति विश्व समुदायका साथै आम नेपाली नागरिकको समेत विश्वसनीयता गुम्दै गएको अवस्थामा आगामि दिनमा हवाई दुर्घटना हुन नदिन स्पष्ट हवाई नीति निर्माण गर्न, प्राविधिक अनुगमनका साथै हवाई उड्डयन क्षेत्रको सुरक्षाको ग्यारेन्टी गर्नसमेत काहुरास्ट नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।

सो घटनाबाट ज्यान गुमाउने सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुका साथै तिनका परिवार तथा आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

.......
अध्यक्ष
हुकुम पोखरेल

............
महासचिव
मीना तिवारी(घिमिरे)